# मेरो नायाँसडक   ओशिला (सबिना अधिकारी)

बर्दली सम्म उक्लिएको कुहिरे बिहानी
दोकानदारले बेच्न राखेको कुनै स्वादिलो पुष्टकारी झैं,
मेरो नयाँसडक ।

हेर्ने आँखाहरुको लागि,
इमान्दिारीपूर्वक रंगमञ्चको शैलीमा म आफैंलाई
च्याँ?याँ गर्दै जन्माउँदैछु ,
फेरी पनि,
आ? आमाको गर्भबाट ।

# तिन टुक्रा

### सम्वोधन

टाडाबाट कसैले जिस्कायो,
निर्दयी रुखहरु ठाडिइरहे ।
म भोकाएर पनि रोटी देखिन ।
अजङ्गको पुस्तक छोएँ,
बडामाहाराजको दिब्य उपदेश रहेछ ।

### फिरफिरे र जीवन

फिरफिरे बनाउने पातहरु बटुल्दै थिएँ ।
जिन्दगीले गोरेटो फेर्न चाह्यो ।
सिन्दुर पोतियो मेरो सिउँदोमा
टेबुलपोशले मेरो मूल्याङ्कन गरेन ।
आ? भुमरीमा रोहिरहें,
हाँगाबिँगा बोकेर
सबैले घोकेको उही पाठ घोक्दै ।

### भाग्य रेखा

हत्केलामा एउटा रेखा बनेन,
एताउती घाँस काट्दै टोलाएँ ।
स्वर्ग पुग्ने खुब रहर थियो,
निहुरीएँ, निहुरिरहें,
आस्था पलाएन ।
हँसियाले काटे आ? जिब्रो ।
घुँडा टेकेर दौंडिइरहें
बल्ल थाहा पाएँ,
अभिमानि बाघ बनेर निस्किएछ
एउटा भाग्य रेखा मेरै हत्केलाबाट ।